पूर्वेली जनसञ्चार सहकारी संस्था लि. विराटनगरद्वारा प्रकाशित www.hamromat.com Hamromat www.facebook.com/hamromat2/ www.facebook.com/hamromat1/




# हाम्रोमत
राष्ट्रिय दैनिक

## सूचना

प्रेस काउन्सिल नेपालबाट "क" वर्गमा सुचिकृत **जनविद्रोह दैनिक**को परिवर्तित रुप **हाम्रोमत दैनिक** तपाईकोमा नियमित आइरहेको छ ? हामीलाई कुनै सुझाव, गुनासो, सूचना, विज्ञापन भएमा वा ग्राहक बन्नलाई सम्पर्क गर्नुहोस् ।

हाम्रोमत दैनिक
विराटनगर-९, ट्राफिक चौक
फोन: ०२१-५१२७९० (ग्राहक सेवा: ९७४२३०२७४०
hamromat@gmail.com | www.hamromat.com

वर्ष १८, अंक : ९३ | २०७८ भदौ २९ गते मंगलबार | 2021 September 14 Tuesday | Hamromat Daily | मूल्य रू. ५

स्थानीयले बनाएको ७ वटा घर कोसी रिफ्रेसमेन्टको जग्गामा

# प्रदेश गौरवको योजना अलपत्र



*जग्गा खरिदसम्म सक्रिय भएको सरकार पनि सुस्तायो। २५० करोडको परियोजनालाई १२ करोड बजेट। गाउँपालिका अध्यक्ष भन्छन् 'जसरी पनि आयोजना बन्नु पर्छ।'*

◆ **हाम्रोमत संवाददाता**

*विराटनगर, २८ भदौ*

प्रदेश सरकारले गौरवको आयोजनाको रुपमा अगाडि सारेको कोसी रिफ्रेसमेन्ट सेन्टरको जमिनमा स्थानीयले नयाँ घर बनाएको पाइएको छ। आयोजनाले जग्गा नापजाँच गर्दा कमजोरी गरेका कारण स्थानीयहरुले भर्खरै निर्माण सम्पन्न गरेको घरहरु आयोजना क्षेत्रमा परेको हो।

आयोजनाका लागि जग्गा अधिग्रहण गरेपछि चार किल्ला छुट्याउन खटिएका अमिनले नापचाँज गरी २२ बिघा जग्गाको साँध सिमाना छुट्याएका थिए। अमिनको नाप अनुरुप अयोजनाको जग्गाको चार किल्लामा किलाखुट्टी गरिएको थियो। आयोजनाको जग्गा छुट्टिसकेपछि स्थानीयले नजिकै ७ वटा घर निर्माण गरेका छन् ।

अहिले रिफ्रेसमेन्ट सेन्टरले जग्गाको पुनः नाजपजाँच गर्दा सबै घरहरु आयोजना क्षेत्रभित्र परेको छ। जसले गर्दा स्थानीयहरु आक्रोशित छन् भने आयोजनाको काम अगाडि बढाउन पनि समस्या भएको छ।

कोशी गाउँपालिकाका अध्यक्ष ऐयुब अन्सारीले भने 'अमिनको गल्तीले गर्दा स्थानीयले बनाएको ७ घर अहिले आयोजना क्षेत्र भित्र परेको छ, अब ती घरहरु हटाउन क्षतिपूर्ति कसले कसरी दिने भन्ने समस्या खडा भएको छ।' घर बनाउँदा स्थानीयको कुनै गल्ती नभएको उनले बताए। आयोजनाको जमिन नाँपजाँच गरेका अमिनको गल्तीको मारमा स्थानीय परेको उनी बताउँछन्।

पछिल्लो पटक नापजाँच गर्दा आयोजनाको जग्गाको सिमाना हेरफेर भएको थियो। अब परियोजना अगाडि बढाउन स्थानीयहरुको घरले बाधा पार्ने देखिएको छ। त्यस क्षेत्रमा थप संरचना बनाउनु अघि स्थानीयले बनाएको घरहरु पहिले हटाउनुपर्ने बाध्यता आइपरेको छ। तर, सरकारले कुनै पहल गरेको छैन।

प्रदेश गौरवको रुपमा प्रदेश १ सरकारले अगाडि बढाएको परियोजनाका लागि प्रदेश सरकारका दुई जना मन्त्रिहरु जग्गा खरिद गर्ने बेलासम्म सक्रिय थिए। जग्गा अधिग्रहणको काम सकिएपछि उनीहरुको सक्रियता घट्दै गएको स्थानीय बताउँछन्।

परियोजनाका लागि १९ बिघा १५ कठ्ठा जमिन अधिग्रहण गरिएको थियो। ऐलानी जग्गासहित परियोजना क्षेत्रभित्र २२ बिघा जग्गा समावेश छ। आयोजनाको जग्गा अधिग्रहण गर्ने कार्यमा तात्कालिन आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्की र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री जगदिश कुशियैत सक्रिय थिए। कार्कीले ल्याएको योजनामा जग्गा व्यवस्थापनि र स्थान छनौटमा कुसियतको भूमिका थियो।

जग्गा खरिद भएपछि परियोजना अगाडि बढाउन आवश्यक बजेट विनियोजन नभएको पाइएको छ। तीन वर्षभित्रमा सम्पन्न गर्ने लक्षसहित सम्झौता भएको परियोजनाको काममा २ वर्ष अवधि पुरा भइसक्दा साढे ६ प्रतिशत मात्र प्रगति भएको छ।

प्रदेश सरकारले गौरवको आयोजना भनेर ल्याइसकेपछि त्यसै अनुसार बजेट र अन्य आावश्यक प्रवन्ध गर्नुपर्नेमा त्यसो नगरेको अन्सारीको भनाइ छ। आयोजना अगाडि बढाउन प्रदेश सरकारले ध्यान नदिएपछि संघीय सरकारसँग पनि पहल गरिरहेको उनले बताए। सो क्षेत्रबाट निर्वाचित संघीय सांसद ज्ञानेन्द्रबहादुर कार्की कानूनमन्त्री छन्।

प्रदेश सरकारले गौरवको आयोजना २५० करोडमा सम्पन्न गर्ने तय गरेको छ। तर, बजेट भने जम्मा १२ करोड रुपैयाँ मात्र छ। उक्त बजेटबाट आयोजनाको काम तोकिएको समयमा सम्पन्न हुने संभावना रहेको आयोजनाका प्रमुख मिलन आचार्यले बताए। परियोजना अगाडि बढाउन राजनीतिक नेतृत्वले अग्रसरता नलिएकोले रिफ्रेसमेन्ट सेन्टर करिब अलपत्र बनेको उनको भनाइ छ।

चालु वर्षमा एउटा प्रशासनिक भवन, सुरक्षाकर्मी भवन, ग्राउण्ड फिलिङ र कम्पाउण्ड वालको काम सम्पन्न गर्ने आयोजनाको तयारी छ। तर, डिपिआर अभावमा कामलाई व्यवस्थित गर्न समस्या भएको आचार्यले बताए। रिफ्रेसमेन्तट सेन्टरमा सुविधासम्पन्न होटल, ७ तले कम्प्लेक्स, हेल्थपोस्ट भवन, पेट्रोल पम्प, बसपार्क, भ्यू टावर, स्विमिङ पुल र लिफ्टसहितको आकाशे पुल जस्ता संरचना बनाउने योजना छ।

▶ बाँकी ३ पेजमा

# प्रदेश १ मा सत्ताको १७ दिने विवाद

**प्रदेश १ का मुख्यमन्त्री भीमप्रसाद आचार्यले कुन मितिदेखि ३० दिन गणना गरेर विश्वासको मत लिने भन्ने विषयमा सत्ता पक्ष र प्रतिपक्षीबीच विवाद देखिएको छ।**




◆ **हाम्रोमत संवाददाता**

*विराटनगर, २८ भदौ*

नेकपा विभाजन भएयता विवादै विवादमा रुमल्लिएको प्रदेश १ मा पुनः सत्ताको १७ दिने विवाद सुरु भएको छ। प्रदेश १ का मुख्यमन्त्री भीमप्रसाद आचार्यले कुन मितिदेखि ३० दिन गणना गरेर विश्वासको मत लिने भन्ने विषयमा सत्ता पक्ष र प्रतिपक्षीबीच विवाद सुरु भएको हो।

नेकपा एमाले विभाजनको मिति भदौ ९ गतेलाई गणना गर्ने हो भने असोज ७ गते नै ३० दिन पुग्छ र सोही दिनभित्रमा मुख्यमन्त्री आचार्यले विश्वासको मत लिइसक्नु पर्छ। निर्वाचन आयोगले प्रदेशसभामा पार्टी विभाजनको औपचारिक पत्र भदौ २४ गते पठाएकोले त्यस अनुसार गणना भएमा असोज २४ गतेभित्रमा विश्वासको मत लिनुपर्ने देखिन्छ।

विपक्षी दलहरुले संविधानमा दल विभाजनको ३० दिनभित्रमा विश्वासको मत लिनुपर्ने व्यवस्था भएकोले सोही अनुसार असोज ७ गतेभित्र विश्वासको मत लिनुपर्ने बताएका छन्। तर, मुख्यमन्त्री आचार्य नेतृत्वको सरकार भने असोजको अन्तिम सातामा विश्वासको मत दिने र दशैं विदाको कारण नयाँ सरकार गठनलाई धकेलेर कुर्सीमै बसेर दशैं मनाउने प्रयासमा छ।

नेपालको संविधान २०७२ को धारा १८८(२) मा 'मुख्यमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मतका लागि प्रदेशसभा समक्ष प्रस्ताव राख्नुपर्ने' व्यवस्था छ। संविधानमा उल्लेख भएको 'दल' भन्नाले राजनीतिक दल मान्ने कि प्रदेशसभा संसदीय दल हो भन्ने विवाद देखिएको हो।

राजननीतिक दलको रुपमा त्यसलाई ब्याख्या गर्दा एमाले विभाजनले बैधानिकता पाएको मिति भदौ ९ गते हो। प्रदेशसभा संसदीय दल विभाजनले औपचारिकता पाएको मिति भने भदौ २४ हो।

प्रदेशसभाका सभामुख प्रदीपकुमार भण्डारीले भदौ २५ गते शुक्रबार संसदीय दल विभाजन भएको जानकारीसहितको पत्र प्राप्त भएको जानकारी दिँदै असोज २२ गतेभित्र मुख्मन्त्रीले विश्वासको मत लिनुपर्ने बताएका छन्। प्रदेश सरकारका सामाजिक विकासमन्त्री बलबहादुर साम्सोहाङले मुख्यमन्त्रीले असोज २३ वा २४ गते विश्वासको मत लिने र विश्वासको मत प्राप्त नभएपनि यहि सरकारले दशैं मनाउने दावी गरेका छन्।

पार्टी विभाजन भएपछि मुख्यमन्त्री अल्पमतमा परिसकेकोले उनले पदत्याग गर्नुपर्ने विपक्षी दलहरुको अडान रहँदै आएको छ। उनीहरुले त एमाले भदौ ९ गते विभाजन भइसकेको अवस्थामा १० गते एमालेको एकल बहुमत रहेको भन्दै मुख्यमन्त्री नियुक्ति नै असंवैधानिक भएको जिकिर गर्दै आएका छन्।

▶ बाँकी ३ पेजमा

# नेकपा 'एस'को नेतामा राई

## सरकारलाई समर्थन नरहेको पत्र प्रदेशसभामा दर्ता

◆ **हाम्रोमत संवाददाता**

*विराटनगर, २८ भदौ*



नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले प्रदेश १ सरकारलाई समर्थन नरहेको प्रष्ट पारेको छ। सोमबार प्रदेशसभा सचिवालयमा संसदीय दल गठन भएको औपचारिक जानकारी गराउँदै प्रदेश सरकारलाई समर्थन नरहेको जानकारी दिएको हो।

सोमबार अपरान्ह प्रदेशसभा सदस्य साबित्रा रेग्मीले नेकपा एसले संसदीय दलको मान्यता प्राप्त गरेको र प्रदेश सरकारलाई दलको समर्थन नरहेको व्यहोराको पत्र प्रदेशसभा सचिवालयमा दर्ता गराएकी हुन्। संसद सचिवालयका सचिव गोपाल पराजुलीलाई बुझाइएको पत्रमा नेकपा एकीकृत समाजवादी प्रदेश १ संसदीय दलको शनिबार बसेको बैठकले संसदीय दलको नेतामा राजेन्द्र राईलाई चयन गरेको र मुख्यमन्त्री आचार्यलाई समर्थन नगर्ने निर्णय भएको जानकारी दिइएको छ।

नेकपा एमाले विभाजनको एक दिनपछि गत भदौ १० गते एमालेको प्रदेशसभामा एकल बहुमत रहेका दावीसहित आचार्य मुख्यमन्त्री नियुक्त भएका थिए। निर्वाचन आयोगले भदौ २५ गते नेकपा विभाजन भएर बनेको दल नेकपा एकीकृत समाजवादीमा १० जना सांसद आबद्ध भएको जानकारी प्रदेशसभा सचिवालयलाई दिएको छ।

# फस्टाउँदो औषधिको तस्करी



◆ **हाम्रोमत संवाददाता**

*विराटनगर, २८ भदौ*

खुल्ला सिमानाको फाइदा लिएर खाद्यान्न, लत्ताकपडासहित विभिन्न घरयासी सामान तस्करी हुँदै आएकोमा पछिल्लो समयमा औषधिको तस्करी मौलाएको छ।

भारतबाट भन्सार छलेर औषधि ल्याउँदा बढी मुनाफा हुने भएपछि गिरोहले अनेक जुक्ति अपनाएर तस्करी गर्ने गरेको पाइएको छ।

सशस्त्र प्रहरीले नेपाल-भारत सीमा क्षेत्रअन्तर्गत विराटनगर महानगरपालिका-१६ रानीबाट लगभग १९ लाख मूल्य बराबरको अवैध औषधि बरामद गरेको छ।


▶ बाँकी ३ पेजमा




# स्टिल उत्पादकद्वारा बजेटको स्वागत

◆ **हाम्रोमत संवाददाता**

*विराटनगर, २८ भदौ*



अर्थमन्त्री जनार्दन शर्माले गत शुक्रबार संसदमा प्रस्तुत गरेको बजेट प्रतिस्थापन विधेयकमा स्पन्ज आइरन र तयारी स्टिल विलेटको करमा ४.७५ प्रतिशत भिन्नता कायम गरेकोप्रति स्टिल उत्पादक उद्योगीहरूले स्वागत गरेका छन्।

जगदम्बा स्टिल, पशुपति टिएमटी, सर्वोत्तम, स्वस्तीकलगायतका आइरन तथा रोलिङ मिल सञ्चालकहरुले सोमबार प्रेस विज्ञप्ति प्रकाशित गर्दै स्पन्ज आइरन र तयारी विलेटको भन्सार दरमा १० प्रतिशतले भिन्नता कायम गर्नुपर्ने माग पनि गरेका छन्।

नेपाल स्टिल विलेट उत्पादक संघको नामबाट प्रकाशित विज्ञप्तिमा 'नेपाल स्टील रोलिङ मिल्स एसोसिएसन'को नाममा सरकारको निर्णयको विरोध भएकोप्रति असन्तुष्टि जनाउँदै गलत व्याख्या गरी भ्रम फैलाउने काम गरेको भन्दै सरकारको कदमको बचाउ गरिएको छ। सरकारको कदमको बचाउ गर्नुपर्ने कारण र थप माग प्रस्तुत गर्दै उनीहरुले आयात प्रतिस्थापनमा महत्वपूर्ण कदम हुने दाबीसमेत गरेका छन्।

▶ बाँकी ३ पेजमा